# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

**चलानी नं.** ..................

मितिः २०८०।०१।१९

विषयः **कार्यक्रम थप सम्बन्धमा QAA प्राप्त सम्बन्धन प्रदत्त क्याम्पसहरूलाई अत्यन्त जरूरी सूचना ।**

कार्यकारी परिषद्को मिति २०७९।१२।२९ को निर्णय नं. १९८७ तथा त्रि.वि. योजना निर्देशनालयको मिति २०८०।०१।०६ गतेको गोरखापत्रमा प्रकाशित सार्वजनिक सूचना अनुसार त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी हाल सञ्चालित QAA प्राप्त गरेका र हालसम्म QAAको समयावधिभित्र रहेको क्याम्पस/कलेजहरूमध्ये यस मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत सत्रान्त प्रणालीमा सञ्चालित **Bachelor of Computer Application (BCA)** र **Bachelor of Social Work (BSW)** शैक्षिक कार्यक्रम थप गर्न इच्छुक क्याम्पस/कलेजहरूलाई २०८० बैशाख मसान्तभित्र आवेदन दिन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवेदनका लागि आवश्यक कागजातहरूः**

१. क्याम्पस/कलेजको आवेदन पत्र ।
२. कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव ।
३. कार्यक्रम थप गर्नका लागि सञ्चालक समितिको निर्णयको प्रतिलिपि ।
४. QAA प्रमाणपत्र र QAA को समयावधि खुल्ने कागजात ।
५. क्याम्पस/कलेजको स्वीकृत विधान ।
६. क्याम्पस/कलेजको नवीकरणको पत्र ।
७. स्थानान्तरण वा नाम परिवर्तत गरेको भए सो को स्वीकृति पत्र ।
८. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातक तहको कार्यक्रम सञ्चालन स्वीकृति पत्र । (स्नातकोत्तर कार्यक्रम सञ्चालन भएका क्याम्पस/कलेजहरूको हकमा स्नातकोत्तर तहको कार्यक्रम सञ्चालन स्वीकृति पत्र)
९. विगत तीन वर्षको विद्यार्थी भर्ना विवरण र उत्तीर्ण प्रतिशत ।
१०. कार्यक्रम सञ्चालनका लागि सम्बन्धित विषय अनुसारको संयोजकको नियुक्ति पत्र र निजको व्यक्तिगत विवरण ।
११. भौतिक पूर्वाधारको विवरण ।
१२. सम्पूर्ण सञ्चालक समितिका सदस्यहरू तथा संस्थाको स्थायी लेखा नम्बरको प्रतिलिपी ।
१३ गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन ।
१४ गत आर्थिक वर्षको कर चुक्ता प्रतिवेदन ।
१५ क्याम्पस/कलेज सञ्चालन हुने घर जग्गाको स्वामित्वसम्बन्धी प्रमाणित कागजात (लालपुर्जा) ।
१६ क्याम्पस/कलेजको आफ्नै स्वामित्वमा घर जग्गा नभए कम्तीमा दस वर्षसम्मका लागि वहालमा लिएको सम्झौता पत्र र लालपुर्जाको प्रमाणित प्रतिलिपी ।

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. ..................

१७. त्रिभुवन विश्वविद्यालयबाहेक अन्य विश्वविद्यालय, परीक्षा बोर्ड, परिषद् आदिका कार्यक्रमहरू सञ्चालन नगर्ने प्रतिवद्धता पत्र ।

१८. सम्बन्धित कार्यक्रमका लागि उपलब्ध शिक्षक/कर्मचारीहरूको शैक्षिक योग्यता सहितको विवरण ।

१९. कार्यक्रमको आवश्यकता अनुसार चाहिने क्षेत्रसंगको सम्बन्धको कागजात ।

२०. प्रस्तावित कार्यक्रममा संलग्न शिक्षकहरूसंगको सम्झौता पत्र ।

**(आवेदन फारम सङ्कायको वेबसाइट fohss.tu.edu.np बाट डाउनलोड गर्न सकिनेछ । अन्य विस्तृत जानकारीका लागि डीनको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।)**

प्रा.डा. कुशुम शाक्य
डीन